





PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com








❖ वर्ष ३५ ❖ २०७९ जेठ ०८ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 May 22 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६३


## वीरगंज महानगरको १८ वटा वडाको मतपरिणाम सार्वजनिक, ६ वटा वडाको मतगणना जारी

प्रस, वीरगंज, ७ जेठ/

मधेस प्रदेशको एकमात्र वीरगंज महानगरमा अहिले मतगणना जारी रहेको छ। ३२ वटा वडा रहेको वीरगंज महानगरमा २० वटा वडाको मतगणना सकिसकेको छ भने १२ वटा वडाको मतगणना बाँकी छ। हालसम्म सकिएको वडाहरूको मतगणनाको नतीजा अनुसार वीरगंजको २० वटा वडामध्ये आठवटामा काङ्ग्रेस र सातवटामा जसपाले वडाध्यक्ष जितेको छ भने एमालेले चारवटा वडामा र एउटा वडामा लोसपाले जितेको छ। वीरगंज महानगरको ३२ वटा वडामध्ये १ देखि ९ सम्म र २२ देखि ३२ सम्मको मतगणनाको नतीजा आइसकेको छ। वीरगंजको वडा नं ८ मा जसपाका रितेश गुप्ता, २२ मा काङ्ग्रेसका द्वारिका महतो, २३ मा एमालेका अवधकिशोर कुशवाहा, २४ मा एमालेका विजयप्रसाद कुर्मी शनिवार विजयी घोषणा भएका छन्।

### दोहोरिएर जितेका वडाध्यक्षहरू

वीरगंज महानगरको वडा नं ३, ४, ५, २३, २६, २९ र ३२ मा गरी सातवटा वडामा पुरानै वडाध्यक्षहरूलाई जनताले चुनेको छ भने १३ वटा वडाको अध्यक्षमा नयाँ अनुहार आएका छन्। वीरगंजको केही वडामा आफ्नो दलले टिकट नदिंदा अर्को दलबाट उम्मेदवारी दिएर पनि केही वडाध्यक्षमा विजयी भएका छन्। वीरगंजको वडा नं १ का मनोजराउत कुर्मीलाई काङ्ग्रेसले नपत्याउँदा उनी जसपाबाट चुनाव लडेर विजयी भएका छन्।

त्यसैगरी, वडा नं ८ मा काङ्ग्रेसका नेता रितेश गुप्तालाई दलले टिकट नदिंदा उनी जसपाबाट चुनाव लडेर विजयी भए। त्यसैगरी, वडा नं २४ मा पनि काङ्ग्रेसबाट टिकट नपाउँदा विजयप्रसाद कुर्मी एमालेबाट चुनाव लडेर जितेका छन्। त्यसैगरी, वीरगंज ३१ बेल्वामा पनि जसपाले जीतेन्द्र यादवलाई टिकट नदिंदा उनी एमालेबाट विजयी भए।

तस्वीर: प्रतीक



पर्साका मुख्य निर्वाचन अधिकृत धर्मराज पौडेल

### बाँकी चारवटा वडामा ककसको अग्रता

अहिले वडा नं १०, ११, १२, २१, १६ को मतगणना जारी रहेको छ। जसमा वडा नं १० मा जसपाका सुशील साह कानू, वडा नं ११ मा जसपाका अजय चौरसिया, वडा नं १२ मा एमालेका सुरेश साह कानू, २१ मा लोसपाका राधाकृष्ण रौनियारले अग्रता लिएका छन्। वडा नं १६ को मतगणना प्रारम्भिक चरणमा छ।



वडा नं २३ का विजयी एमालेका अवधकिशोर कुशवाहा।



विजयप्रसाद कुर्मी (वडा नं २४)



रितेश गुप्ता (वडा नं ८)



द्वारिका महतो (वडा नं २२)

## प्रमुखमा सिंह १४ हजार र उपप्रमुखमा आलम १५ हजारले अगाडि

प्रस, वीरगंज, ७ जेठ/

वीरगंज महानगरपालिकाको शनिवार आठौं दिन पनि मतगणना जारी रहेको छ।

वीरगंज-१४ पिपरास्थित नृसिंह माविमा जारी मतगणनाले हालसम्म १८ वटा वडाको मतगणना सकाएको छ भने बाँकी १४ वटा वडाको मतगणना जारी रहेको पर्साका मुख्य निर्वाचन अधिकृत धर्मराज पौडेलले बताए। उनका अनुसार आगामी मङ्गलवारसम्म वीरगंजको मतगणना सकाउने लक्ष्यका साथ कर्मचारी परिचालन गरिएको बताए।

उनले हाल छवटा कोठामा २४ घण्टा मतगणना जारी रहेको बताए। १२/१२ घण्टाको दुई सिफ्टमा कर्मचारी खटाइ मतगणना भइरहेको उनले बताए। शनिवार मध्याह्न १२ बजेसम्मको अद्यावधिक अनुसार वीरगंज महानगरको वडा नं १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१ र ३२ को कुल ५५ हजार ११० मतपत्रको गणनापछि नगरप्रमुखमा जसपाका राजेशमान सिंहले नेकपा एमालेका उम्मेदवार विजयकुमार सरावगीभन्दा १४ हजार मतले अग्रता कायम राखेका छन्। सिंह सत्तारूढ गठबन्धनका साझा उम्मेदवार हुन्। सिंहले २९ हजार ७५८ मत ल्याएका छन् भने एमाले-लोसपाका साझा उम्मेदवार सरावगीले १५ हजार ५२० मत ल्याएका छन्।

त्यसैगरी, उपप्रमुखमा नेपाली काङ्ग्रेसका इम्तियाज आलम लोसपाका पुरुषोत्तमलाल झाभन्दा करीब १६ हजार मतले अगाडि छन्। आलमले २० हजार ७८४ मत पाउँदा झाले चार हजार ७९२ मत ल्याएका छन्। कुल ६० हजार ४४५ मतगणना भएको छ।



राजेशमान सिंह



विजयकुमार सरावगी



इम्तियाज आलम



पुरुषोत्तमलाल झा



## कटहरिया नपामा अजय प्रकाश, ईशनाथमा कौशलिया देवी र राजपुरमा मो राजिक आलम निर्वाचित

प्रस, रौतहट, ७ जेठ/

कटहरिया नगरपालिकाको प्रमुखमा नेपाली काङ्ग्रेसका उम्मेदवार अजय प्रकाश निर्वाचित भएका छन्। उनले सात हजार १७२ मत ल्याइ निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका उम्मेदवार तथा निवर्तमान नगरप्रमुख सियाराम कुशवाहाले चार हजार ५७७ मत प्राप्त गरेका थिए।



अजय प्रकाश (कटहरिया नपा)



कौशलिया देवी (ईशनाथ नपा)



मो राजिक आलम (राजपुर नपा)

उपप्रमुखमा नेकाकी रीता देवीले सात हजार ५२० मत ल्याइ निर्वाचित भएकी छन् भने उनका निकटतम प्रतिद्वन्द्वी एमालेकी कुन्ती देवीले चार हजार ५३७ मत ल्याइएकी थिइन्।

वडा नं ५, ७, ८, ९ मा नेकाका उम्मेदवार सर्फलाल प्रसाद, शहीद मियाँ धोबी, समिस विकास साह, रूपेशकुमार यादव निर्वाचित भएका छन् भने वडा नं २, ३, ४, ६ मा नेकपा एमालेका उम्मेदवार हरिन्द्र साह, श्यामाकान्तप्रसाद यादव , चन्दन कुशवाहा, जयराम चौधरी निर्वाचित भएका छन्। वडा नं १ मा नेकपा एकीकृत समाजवादीका भुपेन्द्र महतो निर्वाचित भएको जनाइएको छ।

यसैगरी, ईशनाथ नगर पालिकाको प्रमुखमा लोकतान्त्रिक समाजवादी पार्टीका उम्मेदवार कौशलिया देवी छ हजार २८२ मत प्राप्त गरी निर्वाचित भएकी छन्। उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका सन्तोषकुमार मेहताले पाँच हजार ३०७ मत प्राप्त गरेको छ।

उपप्रमुखमा लोसपाका उम्मेदवार मो परवेज पाँच हजार ७४९ मत प्राप्त गरी निर्वाचित भएका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी एमालेकी हुसने आराले पाँच हजार ९७ मत प्राप्त गरेकी छन्।

लोसपाका उम्मेदवारहरू वडा नं १ मा विगु साह, वडा नं २ मा धर्मेन्द्र साह, वडा नं ३ मा रामचन्द्र राउत, वडा नं ४ मा शत्रुधन सिंह, वडा नं ५ मा एमालेका शेख निसार, वडा नं ६ मा नेकाका जवाहिरलाल साह, वडा नं ७ मा एमालेका शेख खलिउल्लाह, वडा नं ८ मा शेख खुसवाद्दीन, वडा नं ९ मा रामबाबू यादव निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

त्यसैगरी, राजपुर नगरपालिकाको प्रमुखमा नेपाली काङ्ग्रेसका उम्मेदवार मो राजिक आलम निर्वाचित भएका छन्। उनले छ हजार ३३५ मत प्राप्त गरी निर्वाचित भएका हुन् भने उनका निकटतम प्रतिद्वन्द्वी जसपाका मोहम्मद जैद आलमले तीन हजार ७५१ मत प्राप्त गरेका थिए।

उपप्रमुखमा नेकाका जमिल असगरी छ हजार २३९ मत प्राप्त गरी विजयी भएकी छन् भने उनका निकटतम प्रतिद्वन्द्वी जसपाकी चिन्ताकुमारी कलवारले तीन हजार ६२९ मत प्राप्त गरेकी थिइन्।

वडा नं १ देखि ९ सम्म माओवादीका शेख अमिरुलाह, एसका सोनालाल पडित, जसपाका शेख हसिन अख्तर, नेकाका शेख अनसारूल, एमालेका कृष्णनन्दन राय, नेकाका शेख मोसो आलम, जसपाका इन्ताज हुसैन, नेकाका शेख सोयब र माओवादीका शेख नसरुल हक निर्वाचित भएको निर्वाचन कार्यालयले जनाएको छ।

## सिम्रौनगढ बसपार्कमा अज्ञात व्यक्तिको शव फेला

प्रस, सिम्रौनगढ, ७ जेठ/

बाराको सिम्रौनगढ बसपार्कमा शनिवार एकजना अज्ञात व्यक्ति मृत अवस्थामा फेला परेका छन्।

बसपार्क कङ्काली पोखरीको डिलमा सो व्यक्तिलाई मृत अवस्थामा देखेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए।

इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी निरीक्षक देवराज काफ्लेले अनुसन्धान भइरहेको बताए।

## विचारसार र सूक्तिहरू

**जीवनको रहस्य भोगमा छैन, अनुभवद्वारा शिक्षाप्राप्तिमा हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# विवेक शक्तिको सदुपयोग नै मनुष्यता हो

साधकले विचार गर्नुपर्छ, म आफूलाई मनुष्य मान्छु भने पशुपक्षी आदि अन्य प्राणीको अपेक्षा ममा के विशेषता छ। आहार, निद्रा, मैथुन आदि विषय–भोग सुख तथा त्यसको वियोग र मर्ने भय,

**चित्त–शुद्धिको लागि यो आवश्यक छ कि साधकले यस्तो सङ्कल्प गर्नुहुँदैन, जसको पूर्ति कुनै अर्कोमाथि अवलम्बित हुन्छ, जसलाई उसले स्वयम् पूरा गर्न सक्दैन, किनभने जो मनुष्य अरूद्वारा उपार्जित वस्तुबाट वा त्यसको परिणामबाट आफ्नो सङ्कल्प पूर्ति चाहन्छ एवं गर्छ र गराइरहन्छ, उसको सङ्कल्प जतिसुकै शुभ किन नहोस्, उसको चित्त शुद्ध हुँदैन ।**

यी सबै त उनीहरूमा पनि हुन्छ, तर मनुष्यको अपेक्षा उनीहरूको विषय–सेवन बढी नियमित र प्रकृति अनुकूल छ।

विचार गर्दा थाहा हुन्छ, उनीहरूभन्दा मनुष्यमा विवेकशक्ति बढी छ । विवेकशक्तिद्वारा उसले यो बुझ्न सक्छ कि म वास्तवमा के हुँ, मैले के गर्नुपर्छ र के गर्नुहुँदैन।

यदि मनुष्यले यस विवेकशक्तिको आदर गर्दैन, त्यसको सदुपयोग नगरेर भोगको सुखलाई नै आफ्नो जीवन मान्छ भने त्यो पशुपक्षीभन्दा पनि गएगुज्रेको हुन्छ, किनभने पशुपक्षी आदि त कर्मफल भोगद्वारा पूर्वकृत कर्मको क्षय गरेर उन्नतितर्फ बढिरहेको छ तर विवेकको आदर नगर्ने मनुष्य उल्टै आफूलाई नयाँ कर्ममा जकडिरहेको छ । आफ्नो चित्तलाई झनै अशुद्ध बनाइरहेको छ।

अतः साधकले प्राप्त विवेकको आदर गरेर त्यसद्वारा यो कुरा बुझ्नुपर्छ कि यो मनुष्य शरीर केको लागि प्राप्त भएको छ, यसको के उपयोग छ। विचार गर्दा थाहा हुन्छ, यो साधन–धाम हो। यसमा प्राणी चित्त शुद्ध गरेर आफ्नो लक्ष्य प्राप्ति गर्न सक्छ।

चित्त–शुद्धिको लागि यो आवश्यक छ कि साधकले यस्तो सङ्कल्प गर्नुहुँदैन, जसको पूर्ति कुनै अर्कोमाथि अवलम्बित हुन्छ, जसलाई उसले स्वयम् पूरा गर्न सक्दैन, किनभने जो मनुष्य अरूद्वारा उपार्जित वस्तुबाट वा त्यसको परिणामबाट आफ्नो सङ्कल्प पूर्ति चाहन्छ एवं गर्छ र गराइरहन्छ, उसको सङ्कल्प जतिसुकै शुभ किन नहोस्, उसको चित्त शुद्ध हुँदैन। आफ्नो सङ्कल्पलाई अरूद्वारा पूरा गराउनेहरू उसको ऋणी बन्न पुग्छ एवं उसको चित्त अशुद्ध रहन्छ र पराधीनता वृद्धि हुन्छ। पराधीन प्राणी कहिल्यै सुखी रहन सक्दैन । अतः अन्यमाथि आफ्नो कुनै अधिकार मान्नुहुँदैन।

आफूद्वारा पूरा गरिने आवश्यक सङ्कल्पलाई पूरा गर्नुपर्छ तर त्यसको पूर्तिको रसको उपभोग गर्नुहुँदैन। यसको उपभोगबाट राग वृद्धि हुन्छ र अतःकरण अशुद्ध भएर त्यसमा पुनः सङ्कल्पको बाढी आउँछ।

साधकले हरेक प्रवृत्तिद्वारा अरूको अधिकार र सङ्कल्पको रक्षा र पूर्ति गरिरहनुपर्छ । त्यसमा पनि कुनै यस्तो अभिमान गर्नुहुँदैन कि मैले अरूमाथि कुनै उपकार गरेको छु, प्रत्युत यो बुझ्नुपर्छ यसैको लागि प्राप्त भएको शक्ति र पदार्थ मैले उसलाई दिएको हुँ । यसमा मेरो केही छैन । जस्तै कुनै हुलाकी हुलाकघरबाट प्राप्त रुपैयाँ वा पार्सललाई प्रापक व्यक्तिकहाँ पुऱ्याउँछ, त्यसमा हुलाकीको कुनै उपकार हुँदैन। यो कुरा अवश्य हो कि आफ्नो कर्तव्यको सही पालन गर्दा सरकारको प्रसन्नता प्राप्त हुन्छ। यसै प्रकार प्राप्त शक्तिको सदुपयोग गर्दा साधकले पनि भगवान्को प्रसन्नता प्राप्त गर्छ।

अरूको अधिकारको रक्षाको लागि अर्थात् उसको मनमा उत्पन्न सङ्कल्पको पूर्तिद्वारा उसको प्रसन्नताको लागि साधकले कुनै आवश्यक वस्तु लिनुपऱ्यो वा कुनै अरूद्वारा गरिएको काम स्वीकार्नुपर्छ भने त्यो चित्तको अशुद्धिको लागि होइन । त्यसमा साधकले यो भाव राख्नुपर्छ कि यो शरीर पनि भगवान्कै हो । अतः भगवान्ले ऊद्वारा आफूलाई जो यस शरीरको लागि आवश्यक वस्तु प्रदान गरेको छ, त्यो लिएर त्यसको उपयोगमा लगाउनुपर्छ, यो पनि दिनुपर्छ कि तर यसमा पनि उपभोगको रसको सँग हुनुहुँदैन किनभने रस उपभोग गर्दा आफ्नो शरीरमा अहम् भाव र जसद्वारा सङ्कल्पको पूर्ति गरिन्छ, ती व्यक्तिमा आसक्ति आउँछ । यसमा चित्तमा अशुद्धि बढ्छ।

प्राप्त शक्तिको उपयोग आफ्नो सङ्कल्प पूर्तिमा पशुपक्षीले पनि गर्छ। त्यही काम यदि मनुष्यले पनि गर्छ भने त्यसमा मनुष्य शरीरको के विशेषता छ। अतः साधकले बुझ्नुपर्छ कि जुन प्रकारको जेसुकै शक्ति भगवान्ले अरूलाई दिन्छ अर्थात् उसको प्रसन्नता र हितमा लगाउन प्रदान गरेको छ, त्यसको उपयोग भगवान्को आज्ञानुसार गर्नु नै मनुष्यता हो।

### याद राख

जो मनुष्य अरूलाई अपराधी सिद्ध गरेर जति बढी सुख मान्छ र उत्ताउलो हुन्छ, त्यत्तिकै उसले पछि पछुताउनुपर्छ । कसलाई थाहा छ तिमी जसलाई अपराधी मानिरहेका छौं, त्यो सर्वथा निरपराध हो र असली अपराधी तिमीलाई थाहा नै छैन। अतएवं कसैको दोष जाँचबुझ नगरीकन उसलाई अपराधी भन्नु पनि अपराध हो– कसैमाथि सन्देह गर्नु पनि अपराध हो।

तिमी कसैलाई अपराधी मानेर उसको नाम पोल्छौं भर त्यो वस्तुतः निरपराध छ भने तिम्रो यस क्रियाबाट उसले कति ठूलो नोक्सान भोग्नुपर्छ, उसको इज्जतमा कस्तो आँच आउँछ, मान्छेमा ऊप्रति घृणा उत्पन्न हुन्छ, यसबाट उसको हानि हुन्छ र उसलाई महान् दुःख हुनेछ। सोच यदि यस प्रकार तिमीलाई कसैले झूटो दोष लगायो भने तिमीलाई कति दुःख हुन्छ र तिमी कति व्याकुल भएर आफ्नो निर्दोषिता सिद्ध गर्न छटपटाउँछौं। –शिव

# निर्वाचन प्रक्रियालाई विकेन्द्रीकरण किन नगर्ने ?

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**देश सङ्घीय संरचनामा गइसकेको अवस्थामा निर्वाचन प्रक्रियाको विकेन्द्रीकरण गरिनु यसको सहज समाधान हुन सक्छ । तहगत सरकार सञ्चालनको अभ्यासको पाँच वर्ष बितिसकेको अवस्थामा चुनावी प्रक्रियामा पनि विकेन्द्रीकरण किन नगर्ने ?**

स्थानीय चुनावमा देखिएको मत बदरको प्रवृत्तिले निर्वाचन आयोग र राजनीतिक दलहरूले मतदातालाई उचित तरीकाले मत हाल्ने तरीकाबारे शिक्षित गराउन नसकेको प्रस्ट भएको मात्र छैन, हामीले अपनाएको चुनावी पद्धतिमैं पुनरावलोकनको खाँचो देखिएको छ । एक त यो चुनावमा समग्रमा ६४ प्रतिशत मत खसेको छ, यो मत अघिल्लो चुनावको तुलनामा १० प्रतिशतले कम हो । मतदानप्रति यो उदासीनता मतदातामा झाङ्गिँदै गएको निराशाको प्रतिविम्ब मात्र होइन, गम्भीर चिन्ताको विषय पनि हो।

यसपटक बदर भएका मत सङ्ख्यालाई हेर्दा मतदाता शिक्षा पुग्न नसकेको प्रस्ट हुन्छ । वीरगंज महानगरपालिकाकै मतलाई हेर्ने हो भने उपप्रमुख पदका लागि कुल सदर मतभन्दा बदर मत बढी देखिएको छ। परिमाण मात्र कमोवेश हो, प्रमुख र अन्य पदमा पनि बदर मतको सङ्ख्या सानो छैन । कतिपय उम्मेदवारले आधाभन्दा बढी मत बदर भएको चुनावी प्रक्रियामाथि नै प्रश्न मात्र उठाएनन्, पुनः मतदानको मागसमेत गरेको देखियो । यो मागमा उनीहरूको आग्रहको ओज पनि होला । तर यति धेरै मत बदर हुनुको कारण नखोज्ने हो र यथास्थितिमैं चुनावी प्रक्रियालाई अघि बढाउँदै जाने हो भने त्यस्तो प्रक्रियाबाट प्रतिनिधि त चुनिएलान्, जनमतको सही प्रतिनिधित्व भएको मान्न भने सकिन्न।

गठबन्धनका नाममा दलहरूबीच देखिएको स्वार्थको गठजोड पनि मत बदरको मुख्य कारण बनेको पनि देखियो। राजनीतिक नेतृत्वले आफ्ना कार्यकर्ता र आम मतदातामा एक किसिमले गठबन्धनका नाममा सिन्डीकेट लाद्ने काम गरे। लोकतन्त्रमा दलहरूबीच सत्ता निर्माणका निम्ति तालमेल स्वाभाविक भएपनि बहुदलीय प्रतिस्पर्धामाथि नै अङ्कुश लगाउने गरी जुन खालका अस्वाभाविक (विचार र सिद्धान्त नमिल्ने, तर स्वार्थ मिलानमा आधारित) गठबन्धन बनाइए, यसले पनि मतदातामा असन्तोष पैदा गरेको हो । यसले गर्दा पनि चाहे अनुसारको उम्मेदवार नपाएको वा राजनीतिक दलभित्रको असन्तोषबाट पनि जानीजानी मत बदर भएको हुन सक्छ। मतगणनाको क्रममा देखिएको मतदानको तरीका हेर्दा पनि यो प्रतीत हुन्छ । गठबन्धनभित्र उम्मेदवार नै नभएको चुनाव चिह्नमा पनि उल्लेख्य सङ्ख्यामा मत हालेको देखिनु यसको प्रमाण पनि हो । यस अर्थमा दलका कार्यकर्ता र आम मतदाताले राजनीतिक शीर्षस्थले लादेको गठबन्धनलाई मन पराएका छैनन् भन्ने पनि बुझ्न सकिन्छ। मतदातालाई आफ्नो वैचारिक स्वायत्तता र मन परेको व्यक्तिलाई मत हाल्न पाउने अधिकार कुण्ठित हुनुको परिणाम मतपत्रमा देखियो। लोकतन्त्रलाई जीवन्त राख्ने हो भने आफ्नो राजनीतिक आग्रह र स्वार्थजनित निर्णयशैलीमा दलहरूले कठोर समीक्षा गर्न जरुरी छ।

सर्वोच्च अदालतले वर्षौं अघि उम्मेदवार अस्वीकार गर्न पाउने अधिकारको व्यवस्था गर्न सरकारलाई आदेश दिएको थियो । तर आजसम्म यसको पालना भएको छैन। राजनीतिक शीर्षस्थहरूको स्वार्थमा यसको पालनामा उदासीनता देखिएको छ। यो व्यवस्थाको अभावले पनि मन नपरेको उम्मेदवारलाई मत हाल्नुको सट्टा जानीजानी मत बदरको विकल्पमा गएको हुन सक्छ। मतदाताले चाहे अनुसारको उम्मेदवार नहुँदा मतदाताको सहभागितालाई हतोत्साही गरेको हुन सक्छ । यसमा राजनीतिक दल र निर्वाचन आयोग गम्भीर हुनै पर्दछ। दलहरूले जनताले रुचाएको व्यक्तिभन्दा आफ्नो खल्तीका मानिसलाई टीका लगाएर टिकट थमाउने अभ्यास बाक्लिएको देखियो । यसले पनि मतदातामा निराशा थपेको छ।

स्वयम् निर्वाचन आयोगका अधिकारीहरूले नै यसपटक आयोग र राजनीतिक दलहरूले मतदाताको उत्साहलाई सक्ने जति उपयोग गर्न नसकेको बताएबाट पनि प्रक्रियाको सार्थकतामा प्रश्न गर्ने पर्याप्तै ठाउँ देखिएको छ। आयोगले चुनावी तयारीका लागि १२० दिनभन्दा कम समय पाएकोले सोचेजति तयारी गर्न नसकेको बताएबाट आयोगले दबाबमा काम गरेको बुझ्न कठिनाइ हुँदैन । सबै स्थानीय तहमा एकैपटक चुनाव गराउनै पर्छ भन्ने छैन। चुनावको मिति घोषणा र यसको प्रक्रियागत पूर्णतामा आयोग स्वायत्त हुन नसक्नु यो समस्याको कारण हो । निर्वाचन आयोगको परामर्शमा सरकारले निर्वाचन मिति तोक्ने अहिलेको प्रक्रिया ठीक छैन । सरकारसँगको परामर्शमा आयोगले निर्वाचनको मिति तोक्ने काम हुनुपर्दछ । यसो हुँदा आयोगले एक चरणमा समस्या भए चरणबद्ध चुनाव गराउन सक्छ । यसो गर्दा मतदाता शिक्षालाई पनि प्रभावकारी बनाउन सहज हुन्छ । मतदाता नामावलीमा अहिलेको क्रम सङ्ख्या र आयोगले पहिलाबाट वितरण गरेको परिचयपत्रको क्रम सङ्ख्यामा देखिएको फरक पनि मतदाताका लागि समस्याको कारण बन्यो। आयोगले चाहेको भए यो सामान्य व्यवस्थापनमा मिलाउन नसक्ने कुरा थिएन । यति सामान्य प्राविधिक विषयसमेत मिलाउन नसक्ने आयोगको दक्षतामा ढुक्क हुन सकिन्न।

निर्वाचन आयोगले सबै ठाउँको मतगणना सिसिटिभीबाट निगरानी गर्ने बताएकोमा ५० प्रतिशतको मात्रै यो प्रणालीबाट निगरानी गर्न भ्याएको छ। चुनावको दिनमा सरकारले सवारीसाधन सञ्चालनमा पूर्ण रोक लगाउँदा मतदातालाई आउजाउ गर्नमा परेको कठिनाइलाई ध्यान नदिएको देखियो । सरकार सुरक्षामा मात्रै केन्द्रित भयो। मतदातालाई कसरी सहजरूपमा मतदानस्थलसम्म ल्याउन सकिन्छ भन्ने सोच देखिएन । यो पनि मतदान कम हुनुको एउटा कारण हो।

सदरभन्दा बदर मत बढी हुनुको मुख्य कारण झन्झटिलो मतपत्र हो। चुनावी गठबन्धनका दलहरूले मतदाता शिक्षा दिनुभन्दा लहरै मत हाल्न भनेपछि मत बढी बदर भएको देखियो। वीरगंजकै उदारहण हेर्ने हो भने सत्ता गठबन्धनमा नगरप्रमुखमा छाता चुनाव चिह्न छ भने उपप्रमुखमा रूख। वडा तहमा गठबन्धन छैन । सबै मतदाता चुनाव चिह्न खोजीखोजी मत दिन सक्षम छैनन् । उनीहरूलाई त्यो तहमा शिक्षित तुल्याइएको छैन। गठबन्धन अनुसार मत हाल्न लगाएर आफ्नो मतसमेत बिग्रिने डरले वडा तहका उम्मेदवारले सातै मत आआफ्नो चुनाव चिह्नमा हाल्न सिकाएको मत दिएको प्रवृत्तिले देखायो। यसो गर्दा रूखमा छाप लगाउनेले नगरप्रमुखको मत बदर गरे। छातामा मत हाल्नेले उपप्रमुखको मत बिगारे । अन्य गठबन्धनमा पनि यो समस्या देखियो। राजनीतिक दलहरूको यो घातक तरीका मात्र होइन, गठबन्धन र मतदाता दुवैप्रति बेइमानी हो। यसो हुँदा प्रक्रियागतरूपमा निर्वाचन त पूरा होला, तर यो औचित्यमाथि गम्भीर प्रश्न भने हो।

दलहरूले चुनाव प्रचारसँगै मतदाता शिक्षालाई पनि समानान्तररूपमा अघि बढाउनुपर्दछ । निर्वाचन आयोगले टोलटोलमा नमूना मतदान कार्यक्रम र सञ्चारमाध्यमहरूमार्फत कसरी मतदान गर्दा मत बदर हुँदैन भनेर मतदातालाई शिक्षा दिन आवश्यक छ। चुनाव प्रचारका लागि डिजे बजाएर टोल थर्काउँदै हिंड्ने राजनीतिक दलहरूले घरदैंलोमा मतदातासँग मत माग्ने कर्मकाण्ड त पूरा गरे, तर मत कसरी हाल्ने भन्ने सिकाएनन्। न मोबाइलमा मत हाल्न प्रेरित गर्ने खालका थरीथरीका सिआरबिटी प्रायोजन गर्न निर्वाचन आयोगले नै यो आवश्यकता महसूस गऱ्यो।

अहिले यति धेरै मत बदर हुनुमा मतपत्र झन्झटिलो हुनु र त्यस अनुसार मतदाता शिक्षा प्रदान नगरिनु नै मूल कारण हो । निर्वाचन आयोगदेखि चुनावमा सहभागी राजनीतिक दलहरूले मतदातालाई मत हाल्ने तरीकाबारे शिक्षित नगरेकाले अत्यधिक मत बदर भएको बुझ्न कठिनाइ पर्दैन । यसको समाधान के त ? देश सङ्घीय संरचनामा गइसकेको अवस्थामा निर्वाचन प्रक्रियाको विकेन्द्रीकरण गरिनु यसको सहज समाधान हुन सक्छ । तहगत सरकार सञ्चालनको अभ्यासको पाँच वर्ष बितिसकेको अवस्थामा चुनावी प्रक्रियामा पनि विकेन्द्रीकरण किन नगर्ने ? शासन सञ्चालन विकेन्द्रित भइसक्दा निर्वाचन प्रक्रिया केन्द्रिकृत हुनुको अर्थ छैन । निर्वाचन आयोगले देशैभरका लागि एउटै मतपत्र तयार गर्दा मतदाता अलमलमा परे । चुनावमा सहभागी उम्मेदवारका आधारमा स्थानीय आवश्यकता अनुसार मतपत्र छाप्ने हो भने यो समस्या न्यूनीकरण हुन सक्छ । उम्मेदवार नै नभएका चिह्नसमेत राखेर मतपत्रलाई भद्दा बनाउनुको सट्टा उम्मेदवार भएका चिह्न मात्रै राखेर मतपत्रलाई छरितो र मतदातामैत्री बनाउन सकिन्छ। यसो गर्दा गठबन्धन अनुसार लहरै मिलाएर चुनाव चिह्न राख्न सकिन्छ। स्थानीय सरकार र जिल्ला निर्वाचन कार्यालयलाई यसको जिम्मेवारी दिइनुपर्दछ । केन्द्रमा सङ्घ सरकार र निर्वाचन आयोगबीच हुँदै आएको समन्वय जिल्ला तहमा स्थानीय सरकार र निर्वाचन कार्यालयलाई दिएर प्रक्रियालाई सहज बनाउन नसकिने होइन।

# आठ प्रतिशत तहको परिणाम आउँन बाँकी, काङ्ग्रेसको अग्रता कायमै

काठमाडौं, ७ जेठ/रासस

स्थानीय तह निर्वाचनको जारी मतगणना अन्तर्गत हालसम्म ६९४ तहको



तस्वीरः फाइल

परिणाम सार्वजनिक भएको छ । गत वैशाख ३० गते सम्पन्न निर्वाचनको जारी मतगणनामा शनिवार साँझ ७ बजेसम्म निर्वाचनको आयोगको सूचना प्रणालीमा प्रविष्ट भए अनुसार २९४ नगरपालिका र ४४७ गाउँपालिकाका गरी करीब ९२ दशमलव १६ प्रतिशत स्थानीय तहको अन्तिम मतपरिणाम सार्वजनिक भएको हो।

देशभरका ७५३ पालिकाका ३५ हजार २२१ पदका लागि भएको निर्वाचनमा तुलनात्मकरूपमा बढी मतदाता रहेका महानगरपालिका र उपमहानगरपालिकाको मतगणना सकिन अझै केही दिन लाग्ने देखिएको छ । मतगणना भएका नगरपालिकामध्ये प्रमुख पदमा नेपाली काङ्ग्रेसले १२२ मा जीत हासिल गरी १६ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले)ले ६७ स्थानमा जीत हासिल गरी १४ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र)ले प्रमुख पदमा २४ स्थानमा जीत र दुई स्थानमा अग्रता कायम गरेको छ । नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)ले सो पदमा नौ स्थानमा जीत र दुई स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले २४ स्थानमा विजय हासिल गरी ११ स्थानमा अग्रता कायम गरेका छन्।

निर्वाचनमा नगरपालिकामध्ये उपप्रमुख पदमा काङ्ग्रेसले ९४ स्थानमा जीत हासिल गरी १६ स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले ९१ स्थानमा जीत हासिल गरी १८ स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले उपप्रमुख पदमा ३२ स्थानमा जीत र चार स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले नौ स्थानमा विजय हासिल गरी तीन स्थानमा अग्रता लिएको छ। स्वतन्त्रसहित अन्यले २० स्थानमा विजय हासिल गरी चार स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भएका गाउँपालिकाको

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## आइएमएफबाट ऋण पाउने आशामा श्रीलङ्का

कोलम्बो, ७ जेठ/रोयटर्स

चरम आर्थिक सङ्कट खेपिरहेको श्रीलङ्काले देशमा गम्भीर खाद्यान्न अभावको चेतावनी दिएको छ। सङ्कट व्यवस्थाका निम्ति अन्तर्राष्ट्रिय मुद्राकोष



अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)को कार्यालय। तस्वीरः रायटर्स

(आइएमएफ)बाट ऋण पाउने आशामा सरकार रहेको छ।

खाद्यान्न सङ्कटबाट पार पाउन तथा उत्पादकत्व बढाउन प्रधानमन्त्री रनिल विक्रमासिङ्घेले आगामी खेतीको याममा पर्याप्त मल खरीद गर्ने वाचा गरेका छन्।

गत वर्ष अप्रिलमा राष्ट्रपति गोटाबाया राजापाक्षेले रासायनिक मल आयातमा प्रतिबन्ध लगाउन गरेको निर्णयले उत्पादनमा ठूलो ह्रास आएका बेला वर्तमान सरकारले प्रतिबन्धलाई उल्टाइदिए पनि मल आयात भएको छैन।

यही याममा गरिने खेतीका लागि मल खरीदको समय नहुन सक्छ, तर आउँदो खेतीको याममा पर्याप्त मल खरीद एवं भण्डारण सुनिश्चित गर्न आवश्यक प्रयास थालिएको प्रधानमन्त्री विक्रमासिङ्घेले बताएका छन्। "परिस्थितिको गम्भीरतालाई स्वीकार गर्न म सबैलाई हार्दिक आग्रह गर्दछु," उनले सामाजिक सञ्जालमा भनेका छन्।

श्रीलङ्काले विदेशी मुद्रा, इन्धन, औषधिको चरम अभावको सामना गरिरहेको छ, आर्थिक गतिविधि सुस्त भएका बेला यहाँको पेट्टाह बजारमा फलफूल र सागसब्जी बेचिरहेकी ६० वर्षीया सुमनावती जीवन कति कठिन छ भनेर कुरा गर्नुको कुनै अर्थ नरहेको बताउँछिन्। "दुई महीनामा के हुन्छ म भविष्यवाणी गर्न सक्दिनँ," श्रीलङ्कालीको भविष्य अनिश्चित बनेको पीडा पोख्दै उनी भन्छिन्।

सुमनावतीको पसलनजीकै खाना पकाउने ग्याँस सिलिन्डर बेच्ने पसल अगाडि लामो लाइन लागेको छ, ग्याँस सिलिन्डरको मूल्यले आकाश छोएको छ।

ग्याँस सिलिन्डरको पसलमा पाँच सयजना लामबद्ध भएपनि त्यहाँ करीब दुई सय सिलिन्डर छन्।

पाँचजनाको परिवारको भरणपोषण गर्दै आएका मोहम्मद साजली तीन दिनदेखि ग्याँस पाइने आशामा लाममा बसेका छन्। आंशिकरूपमा सवारीसाधन चलाएर अर्थोपार्जन गर्ने उनलाई घरव्यवहार चलाउन धौधौ भएको छ। उनी भन्छन्, विनाग्याँस, मटीतेल हामी केही गर्न सक्दैनौं। अन्तिम विकल्प खानाविना मर्ने हो।

केन्द्रीय बैंकका गभर्नरले भने विश्व बैंकसँग ऋण लिएर इन्धन र खाना पकाउने ग्याँस ढुवानीका लागि भुक्तानीको व्यवस्था गरिएको बताए पनि आपूर्ति सहज हुन सकेको छैन। आगामी दुई महीनामा मुद्रास्फीति थप बढेर ४० प्रतिशतसम्म पुग्न सक्ने बताउँदै उनले ठूलो मात्रामा आपूर्तिको दबाबले तत्काल समस्या समाधानका सङ्केत नदेखिएका जनाएका छन्।

यो महीना खाद्यान्नको मूल्य ४६.६ प्रतिशतले बढेर मुद्रास्फीति २९.८ प्रतिशत पुगेको छ। सरकारविरुद्ध आक्रोश फैलिएपछि बिहीवार कोलम्बोमा सयौं विद्यार्थी प्रदर्शनकारीलाई पछाडि धकेल्न प्रहरीले अश्रुग्याँस र पानीको फोहोरा प्रहार गरेको थियो। प्रदर्शनकारीले राष्ट्रपति र प्रधानमन्त्रीलाई पदमुक्त गर्न माग गरिरहेका छन्।

गत हप्ता प्रधानमन्त्री पदबाट राजीनामा दिएका राष्ट्रपति राजापाक्षे र उनका भाइ महिन्दाको सरकारले पर्यटनमा आधारित अर्थतन्त्र, तेलको मूल्यमा भएको वृद्धि र लोकतान्त्रिक कर कटौतीका कारण कोभिड-१९ महामारीले देशमा आर्थिक सङ्कट उत्पन्न भएको भन्दै आफ्नो बचाउ गरिरहेका छन्।

सात आर्थिक शक्तिको समूहले श्रीलङ्काको लागि ऋण राहत प्रदान गर्ने प्रयासलाई समर्थन गरेको छ भने ऋण पुनर्संरचनाको योजना लगभग टुङ्गिएको जनाइएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले पनि श्रीलङ्कामा विकसित घटनाक्रमलाई नजीकबाट नियालिरहेको र आगामी मङ्गलवार कोलम्बोलाई ऋण उपलब्ध गराउनेसम्बन्धी वार्ताले सकारात्मक परिणाम ल्याउने अपेक्षा गरिएको बताएको छ। रासस

## प्रधानमन्त्री मोरिसनद्वारा हार स्वीकार

सिड्नी, ७ जेठ/एएफपी

अस्ट्रेलियाका प्रधानमन्त्री स्कट



भावी प्रधानमन्त्री एन्थोनी अल्बेनिज

मोरिसनले आफ्नो कन्जरभेटिभ दलको सरकारका लागि 'कठिन रात' भन्दै शनिवार भएको राष्ट्रिय निर्वाचनमा भएको पराजयलाई स्वीकार गरेका छन्।

मोरिसनले भने, "आज राति मैले प्रतिपक्षी नेता तथा भावी प्रधानमन्त्री एन्थोनी अल्बेनिजसँग कुरा गरेको छु र उहाँको चुनावी विजयको लागि मैले




उहाँलाई बधाई दिएको छु।"

चवन्न वर्षीय प्रधानमन्त्रीले निर्वाचनमा प्रमुख दललाई मतदाताको समर्थन नदेखिएको उल्लेख गरेका छन्।

उनले भने, "मेरो विचारमा हाम्रो राष्ट्रमा भइरहेको उथलपुथलबारे मलाई चिन्ता लागेको छ।

हाम्रो राष्ट्रहितका लागि यो समस्या अन्त्य हुनु र राष्ट्रिय राजनीतिक गतिविधि अगाडि बढ्नु महत्त्वपूर्ण छ।" उनले भने, "हाम्रो गठबन्धनको बलियो नेतृत्वमा मलाई कुनै शङ्का छैन, अबको तीन वर्षपछि म गठबन्धनको सरकार फर्काउने प्रतीक्षामा छु।" रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सफलता | वृष | अलमल |
| मिथुन | रोगभय | कर्कट | व्यापारवृद्धि |
| सिंह | शत्रुभय | कन्या | चोरभय |
| तुला | भयचिन्ता | वृश्चिक | विजय |
| धनु | धनक्षति | मकर | सुयश |
| कुम्भ | अलमल | मीन | धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

## इजरायल-प्यालेस्टाइन द्वन्द्वः एक किशोरको मृत्यु

रामल्लाह, ७ जेठ/एएफपी

इजरायल अधीनस्थ पश्चिमी किनाराको जेनिनमा शनिवार भएको झडपमा एकजना प्यालेस्टिनी किशोरको मृत्यु भएको छ।

इजरायली सेनासँग भएको झडपमा एकजना १७ वर्षीय किशोरको मृत्यु भएको तथा अर्का एकजना १८ वर्षका किशोर गम्भीर घाइते भएको प्यालेस्टाइनको स्वास्थ्य मन्त्रालयले जनाएको छ। प्यालेस्टिनी समाचार संस्था वाफाले मारिएका किशोर अमजद अल-फयद भएको बताएको छ।

इजरायली सेनाले भने जेनिनको उत्तरपश्चिममा रहेको काफ्रदान गाउँमा संदिग्धहरूले गुडिरहेको गाडीबाट आफूहरूमाथि गोली र विष्फोटक उपकरणबाट प्रहार गरेकाले जवाफी कारबाहीमा ती किशोर मारिएको स्पष्ट गरेको छ।

इजराइली सेनाले पश्चिमी किनारास्थित जेनिन क्षेत्रमा सशस्त्र प्यालेस्टिनी समूहको केन्द्रमा गत महीनादेखि लगातार छापा मारिरहेको छ।

संदिग्धलाई पत्ता लगाउन जारी कारबाहीका क्रममा दैनिक घातक झडप भइरहेका छन्। यस्तै झडपमा अल जजीराकी पत्रकार शिरिन अबु अक्लेहको हालै मृत्यु भएको थियो। रासस

## अधिकांश अस्पताल आइतवार पनि खुल्ने

काठमाडौं, ७ जेठ/रासस

सरकारले दुई दिन सार्वजनिक बिदा दिने निर्णय कार्यान्वयन भएपनि उपत्यकाका अधिकांश ठूला अस्पताल आइतवार सञ्चालनमा आउने भएका छन्। लगातार दुई दिन बिदा हुँदा बिरामीलाई उपचारमा समस्या पर्ने जनाउँदै ती अस्पताल आइतवार सञ्चालन हुन थालेका हुन्। दुई दिन बिदा हुँदा बिरामी निकै मारमा पर्ने देखिएको छ।



उपत्यकास्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल। तस्वीरः रासस

उपत्यकाको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, निजामती कर्मचारी अस्पताल, कान्ति बाल अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, शहीद गङ्गालाल हृदयरोग केन्द्र, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताललगायतका ठूला अस्पतालले बिरामीको उपचारलाई मध्यनजर गर्दै आइतवार अस्पताल सञ्चालन गर्ने निर्णय गरेका हुन्। यसअघि जेठ १ गते आइतवारका दिनसमेत ती अस्पताल खुलेका थिए। तर वीर अस्पतालले भने सरकारको दुई दिन बिदा दिने निर्णयलाई कार्यान्वयन गर्दै आइतवार बन्द गर्ने गरेको छ।

सरकारले यही जेठ १ गतेदेखि शनिवार र आइतवार बिदा दिने निर्णय गरेको थियो। सरकारले सोमवारदेखि शुक्रवारसम्म कार्यालय समय बिहान ९:३० देखि अपराह्न ५:३० बजेसम्म तोकेको छ। वीर अस्पतालका निर्देशक डा भूपेन्द्र बस्नेतले सरकारले गरेको निर्णय अनुसार नै अस्पताल आइतवार बिदा हुने बताए।

"सरकारको निर्णय अनुसार हामी अस्पताल सञ्चालन गर्दछौं," उनले भने, "तर अस्पतालको आकस्मिक सेवा २४ घण्टा नै सञ्चालन भइरहेको छ। बहिरङ्ग विभागमा त्यति गम्भीर बिरामी नआउने भएकाले आइतवार बन्द गर्ने निर्णय गरेका हौं।" उनी कार्यालय समय बढेकाले बिरामीको उपचार गर्न सकिने तर्क गर्छन्।

यस्तै, गङ्गालाल हृदयरोग केन्द्रका निर्देशक डा चन्द्रमणि अधिकारीले बिरामीको उपचारलाई मध्यनजर गर्दै आइतवार पनि अस्पताल खुल्ने बताए। उनका अनुसार केन्द्र स्वायत्त स्वास्थ्य संस्था भएकाले सरकारको निर्णय माने पनि बिरामीको उपचारलाई ख्याल गर्दै आइतवार पनि खुल्नेछ। उक्त केन्द्रमा दैनिक ६०० बिरामी उपचारका लागि आउने गर्दछन्।

यस्तै, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा मनीषा थापाले सार्वजनिक बिदाका दिन आइतवार पनि बहिरङ्ग सेवालगायत सम्पूर्ण सेवा नियमित सञ्चालन हुने बताइन्। त्रिवि शिक्षण अस्पतालका सूचना अधिकारी रामविक्रम अधिकारीले पूर्ववत् अवस्थामा नै अस्पताल सञ्चालन भइरहने जानकारी दिए। बिरामीको अवस्थालाई मध्यनजर गर्दै अस्पताल आइतवार पनि खुल्ने बताए।

त्रिवि शिक्षण अस्पतालमा दैनिक करीब दुई हजार ५०० बिरामी उपचारका लागि आउने गर्दछन्। निजामती कर्मचारी अस्पतालका प्रशासकीय प्रमुख कृष्ण सापकोटाले भोलिको आइतवार खुल्ने र आगामी आइतवार खुल्ने वा नखुल्नेबारेमा निजामती कर्मचारी अस्पताल विकास समितिले निर्णय गर्ने जानकारी दिए। उनका अनुसार अस्पतालमा दैनिक एक हजार मानिस नियमित उपचारका लागि आउने गर्दछन्।

पाटन मानसिक अस्पतालका निर्देशक डा अनन्तराज अधिकारीले आइतवार पनि अस्पताल खोलिरहेको जानकारी दिए। उनले बिरामीलाई सेवा दिन भनिएका अस्पताल बन्द हुँदा समस्या हुने भएकाले आइतवार खोल्ने बताए। "अत्यावश्यक सेवामूलक संस्था आइतवार पनि खोल्दा नागरिकलाई निकै सहज हुन्छ, आइतवार अस्पताल आएका बिरामी फर्कनु राम्रो होइन," उनले भने। उनका अनुसार अस्पतालमा दैनिक १५० बिरामी आउने गर्दछन्।

### आठ प्रतिशत तहको...

अध्यक्ष पदमा काङ्ग्रेसले १८४ स्थानमा जीत हासिल गरी चार स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले १२१ स्थानमा जीत हासिल गरी दुई स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले अध्यक्ष पदमा ९६ स्थानमा जीत कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले १९ स्थानमा जीत हासिल गरी तीन स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले २७ स्थानमा विजय हासिल गरी चार स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भएका गाउँपालिकाको उपाध्यक्ष पदमा काङ्ग्रेसले १८७ स्थानमा जीत हासिल गरी तीन स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले १२२ स्थानमा जीत हासिल गरी चार स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले उपाध्यक्ष पदमा ९३ स्थानमा जीत र तीन स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले १८ स्थानमा जीत हासिल गरी एक स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले २७ स्थानमा विजय हासिल गरी दुई स्थानमा अग्रता कायम गरेका छन्।

स्थानीय तहका वडाध्यक्ष पदमा काङ्ग्रेसले दुई हजार ५०८ मा जीत हासिल गरी १२ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले दुई हजार ११ मा जीत हासिल गरी ११ स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले वडाध्यक्ष पदमा एक हजार २६ स्थानमा जीत र दुई स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा २६४ स्थानमा जीत र पाँच स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले ५५३ स्थानमा विजय हासिल गरी चार स्थानमा अग्रता कायम गरेका छन्।

महिला सदस्य पदमा काङ्ग्रेसले दुई हजार ४६६ मा जीत हासिल गरी १० स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले दुई हजार १९७ स्थानमा जीत हासिल गरी १३ स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले महिला सदस्य पदमा ९३८ स्थानमा जीत र पाँच स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा २६५ स्थानमा जीत र पाँच


बुटवल उमनपाको उपप्रमुखमा विजयी एमालेकी सावित्रादेवी अर्याल। तस्वीरः रासस

स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले ४९२ स्थानमा विजय हासिल गरी एक स्थानमा अग्रता कायम गरेका छन्।

दलित महिला सदस्य पदमा काङ्ग्रेसले दुई हजार ४०९ मा जीत हासिल गरी ११ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले दुई हजार १४७ स्थानमा जीत हासिल गरी आठ स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले दलित महिला सदस्य पदमा ९४७ स्थानमा जीत र आठ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा २६५ स्थानमा जीत र पाँच स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले ४७८ स्थानमा विजय हासिल गरी एक स्थानमा अग्रता कायम गरेका छन्।

वडा सदस्य पदमा काङ्ग्रेसले पाँच हजार एकमा जीत हासिल गरी ११ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले चार हजार ४१२ स्थानमा जीत हासिल गरी १२ स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले वडा सदस्य पदमा एक हजार ७६० स्थानमा जीत र छ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा ५२७ स्थानमा जीत र पाँच स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले एक हजार १९ स्थानमा विजय हासिल गरी एक स्थानमा अग्रता कायम गरेका छन्।

यही जेठ ५ गतेलाई स्थानीय तहका निवर्तमान जनप्रतिनिधिहरूका पदमा बहाल रहने अन्तिम मिति मानेर सो मितिसम्ममा वैशाख ३० मा सम्पन्न भएको मतदानको गणना कार्य सक्ने गरी निर्वाचन आयोगले सम्बन्धित निर्वाचन अधिकृतहरूलाई यसअघि नै आवश्यक निर्देशन प्रदान गरेकामा विभिन्न कारणले आजसम्ममा सम्पूर्ण स्थानीय तहमा मतगणना कार्य सम्पन्न हुन सकेको छैन।

आयोगको निर्देशनपछि महानगरहरूको गणनामा टोली थपेर तीव्रता दिइएको छ। बाजुराको बूढीगङ्गा नगरपालिका र उदयपुरको त्रियुगा नगरपालिका-१२ को मतदानबारे आयोगले छानबीनपछि मतगणना वा पुनः मतदान गर्नेबारे निर्णय दिनेछ।



वीरगंज, लक्ष्मणवास्थित नृसिंह माविमा भइरहेको मतगणना स्थलबाहिर खाजा स्टल राखी व्यापार गर्दै व्यापारीहरु । वैशाख ३१ गतेदेखि मतगणना जारी भएदेखि यस्ता स्टल राखी व्यापारीहरु मुनाफाका साथै खाजा खाने मानिसहरूलाई खाजाको व्यवस्थापन गर्न भ्याइनभ्याइ भइरहेका देखिन्छन् । तस्वीर: पङ्कज श्रेष्ठ

# बाराको १३ वटा पालिकाको मतगणना सकियो, एमाले अगाडि

प्रस, वीरगंज, ७ जेठ/

मधेस प्रदेशको पर्सा जिल्लासँग टाँसिएको बारा जिल्लामा मतगणना अहिले पनि जारी रहेको छ । दुई उपमहानगरपालिका, पाँच नगरपालिका र नौ गाउँपालिका रहेको बारामा १३ वटा पालिकाको मतगणना सकिएको छ भने तीनवटा पालिकाको मतगणना जारी रहेको छ ।

बारामा मतगणना सकिन अहिले दुई दिन लाग्ने बताइएको छ । बाराको मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार बाराको दुईवटा उपमहानगरपालिका जीतपुरसिमरा र कलैया, पाँचवटा नगरपालिकामध्ये निजगढ, सिम्रौनगढ, महागढीमाई र कोल्हवी गरी चारवटा नगरपालिकाको मतगणना सकिएको छ भने पचरौता नपाको मतगणना भइरहेको छ ।

त्यसैगरी, नौवटा गाउँपालिकामध्ये सातवटा गाउँपालिकाको नतीजा आइसकेको छ भने दुईवटा गाउँपालिकाको नतीजा आउन बाँकी छ ।

बाराको पछिल्लो नतीजा अनुसार चारवटा पालिकाका प्रमुख र पाँचवटा पालिकाको उपप्रमुखमा एमालेले जितेको छ भने काङ्ग्रेस तीन, लोसपा र जसपा २/२ वटा पालिकामा प्रमुख र उपप्रमुखमा जितेका छन् भने विवेकशील साझा पार्टीले एउटा पालिकामा अध्यक्ष र उपाध्यक्षमा जितेको छ । त्यसैगरी, जीतपुरसिमरा उपमहानगरपालिकामा सत्तारूढ गठबन्धनबाट माओवादी केन्द्रले प्रमुखमा जितेको छ ।

जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुखमा माओवादीका राजन पौडेल, उपप्रमुखमा एमाललेका भोलाप्रसाद अधिकारी, कलैया उपमहानगरपालिकाको प्रमुखमा एमालेका विनोदप्रसाद साह,



तस्वीर: प्रतीक

उपप्रमुखमा एमालेकी रौशन प्रवीण, निजगढ नपाको प्रमुखमा एमालेका सुरथ पुरी, उपप्रमुखमा एमालेकी सोममाया थिङ, कोल्हवी नपाको प्रमुखमा काङ्ग्रेसका रामप्रसाद चौधरी, उपप्रमुखमा काङ्ग्रेसकी लक्ष्मीकुमारी चौधरी विजयी भएका छन् ।

त्यसैगरी, सिम्रौनगढ नपाको प्रमुखमा लोसपाका किशोरीप्रसाद कलवार र उपप्रमुखमा सोही दलबाट नजमु शेहर, महागढीमाई नपाको प्रमुखमा काङ्ग्रेसका उपेन्द्रप्रसाद यादव र उपप्रमुखमा काङ्ग्रेसकै तारादेवी कानू विजयी भएका छन् ।

त्यसैगरी, परवानीपुर गापाको अध्यक्षमा एमालेका रामक्षत्रीप्रसाद कुर्मी, उपाध्यक्षमा एमालेकी सुगान्धीदेवी कनुइन, प्रसौनी गापाको अध्यक्षमा एमालेका विनोदप्रसाद जैसवाल, उपाध्यक्षमा सोही दलकी किरणदेवी, फेटामा गापाको अध्यक्षमा विवेकशील साझा पार्टीका रुस्तम अन्सारी, उपाध्यक्षमा सोही दलकी नीलम साह, विश्रामपुर गापाको अध्यक्षमा लोसपाका जुल्फकार अलि भुट्टो, उपाध्यक्षमा लोसपाकै प्रियङ्का देवी, करैयामाई गापाको अध्यक्षमा जसपाका शम्भुप्रसाद यादव, उपाध्यक्षमा जसपाकै सुनैना चौधरी, देवताल गापाको अध्यक्षमा जसपाका उदयप्रसाद यादव, उपाध्यक्षमा जसपाकै सीतादेवी यादव, स्वर्ण गापाको अध्यक्षमा काङ्ग्रेसका राजेशप्रसाद यादव, उपाध्यक्षमा काङ्ग्रेसकै पूनमकुमारी विजयी भएका छन् ।

# कलैया उपमहानगरमा एमालेको वर्चस्व

प्रस, बारा, ७ जेठ/

कलैया उपमहानगरपालिकाको वडाध्यक्षमा पुराना चारजना दोस्रोपटक



कलैया उपमहानगरपालिकाको मतगणना स्थल । तस्वीर: सौजन्य

र २३ जना नयाँ निर्वाचित भएका छन् ।

वडा नं ७ का सैफुल्लाह मियाँ अन्सारी, वडा नं १४, १५ र १६ का सुरेन्द्रप्रसाद जैसवाल, भोरिकप्रसाद यादव र शेषनाथ साह तेलीले यसपटक पनि निर्वाचन जितेर दोहोरिएका छन् ।

कलैया उपमहानगरको घोषित मतपरिणाम अनुसार नेपाली काङ्ग्रेसका १०, एमालेका नौ, जसपाका छ, नेकपा एसको एक र लोकतान्त्रिक समाजवादी पार्टीको एक गरी २७ जना निर्वाचित भएका छन् ।

निर्वाचित हुनेमा १ देखि २७ सम्म क्रमशः मोहनबहादुर क्षत्री, राजेशकुमार महतो, मोहन साह कानू, रामेश्वरप्रसाद यादव, किशुनप्रसाद यादव, रामविश्वास ठाकुर, सैफुल्लाह मियाँ अन्सारी, रञ्जीत चौरसिया, पुरुषोत्तमसिंह पाण्डे, महम्मद सबिर, अजय कुशवाहा, लालबाबू मण्डल, राजेशमहथा खत्री, सुरेन्द्र जैसवाल, भोरिकप्रसाद यादव, शेषनाथ साह तेली, दीपेन्द्र महतो, धुपराउत अहिर, हरिन्द्रराउत कुर्मी, मोहम्मद आलम पवरिया, शिवबिहारी चौधरी, शिवचन्द्र कामी, अमिन अन्सारी, हीरालाल चौधरी, चन्दन कुर्मी, धर्मेन्द्रप्रसाद यादव र अशोक तिवारी छन् ।

उपमहानगरको प्रमुखमा एमालेका विनोद साह र उपप्रमुखमा एमालेकै रौशन प्रवीण विजयी भएका छन् ।

# दलितलाई बस्ती निर्माण गर्ने मौलापुर नपाको पहिलो निर्णय

प्रस, गरुडा, ७ जेठ/

इतिहास रच्दै मधेस प्रदेशमा नै दोस्रो





कार्यकालको लागि निर्वाचित पहिलो महिला नगरप्रमुखले दलितका लागि बस्ती निर्माण गर्ने पहिलो निर्णय गरेकी छन् । रौतहटको मौलापुर नगरपालिकाको पहिलो बैठकले मौलापुर नगरपालिका–९ सोनरनियामा २५ घरको दलित बस्ती निर्माण गर्ने पहिलो निर्णय गरेको छ ।

पदभार ग्रहण गर्दै मौलापुरकी प्रमुख रीनाकुमारी साहले आफ्नो दोस्रो कार्यकालको पहिलो निर्णय दलित बस्ती निर्माण गर्ने भएको बताएकी छन् ।

शुक्रवार शपथ ग्रहणपछि नगरका निर्वाचित उपप्रमुख तथा वडाध्यक्ष र सदस्यहरूलाई शपथ गराएर पदभार ग्रहण गरेपछि साहले दलित बस्ती निर्माण गर्न पहिलो निर्णय गरेकी हुन् । साहको पहिलो कार्यकालमा मौलापुर र मर्यादपुरमा दुईवटा नमूना दलित बस्तीको निर्माण भइसकेको छ ।

मौलापुर नगरपालिकाका प्रमुख, उपप्रमुख, नौवटा वडाका अध्यक्ष र वडा सदस्य गरी ४७ पदमध्ये ३७ पदमा नेकपा एमालेले जीत हासिल गरेको छ ।

नेकपा एमाले स्थायी सदस्य तथा पूर्वमन्त्री प्रभु साहकी पत्नी नगरप्रमुख साहले मौलापुर नगरवासीको अधूरा सपना पूरा गर्ने समय आइसकेको जनाएकी छन् ।

साहको नेतृत्वमा भौतिक पूर्वाधार, पर्यटन, संस्कृति, शिक्षा, स्वास्थ्य तथा सामाजिक कार्यमा जिल्लामा मौलापुर नगरपालिकाले अभूतपूर्व कार्य गरेको छ ।

मौलिक विकासको भिजन र मिसन भएको पालिका नेतृत्वले मौलापुरको नाम र मानको लागि थप विकासका कार्यहरू सम्पन्न हुने मौलापुरका स्थानीयको विश्वास रहेको छ । सर्वसाधारणले दोस्रो कार्यकालको लागि दिएको अपार विश्वासको आफूले पूरापूर सम्मान गर्ने नगरप्रमुख साहको भनाइ छ ।

यसैबीच, रौतहटको राजदेवी नगरपालिकाका प्रमुख भिखारी यादवले पदभार ग्रहण गर्दै नगरपालिकामा एम्बुलेन्स किन्ने पहिलो निर्णय गरेका छन् ।

# राम्रो बन्न प्रतिस्पर्धा गर्नुपर्छ –महावाणिज्यदूत

प्रस, वीरगंज, ७ जेठ/

वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्य दूत नितेश कुमारले जीवनमा सफलताको लागि विद्यार्थीले कठोर परिश्रम गर्नुपर्ने र राम्रो बन्नको लागि आफैँसँग प्रतिस्पर्धा गर्नुपर्ने बताएका छन् । मेघा कलेजले आयोजना गरेको कक्षा १२ का विद्यार्थीहरूको बिदाइ कार्यक्रममा महावाणिज्य दूत नितेश कुमारले विद्यार्थीहरूले कठोर परिश्रम गर्नुपर्ने, गलतीहरूबाट सिक्दै जाने र गलती नदोहोरिएको खण्डमा जीवनमा सफलता पाउने बताए ।





कलेजका अध्यक्ष शम्भुप्रसाद गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा ठाराब क्याम्पसका प्रमुख डा उमेशप्रसाद चौरसिया, पर्सा बारका अध्यक्ष ओमप्रकाश गुप्ता, महालक्ष्मी विकास बैंकका शाखा प्रबन्धक दीपक गुप्ता, चिकित्सक नीरज सिंह, शिक्षक चन्द्रिका पटेल, शिक्षिका मेनुका ठाकुरलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा स्वागत निर्देशक विश्वप्रताप साहले गरेको कलेजका प्राचार्य दीपेन्द्रसाह कानूले बताए ।

# सिम्रौनगढ टेटामा झडप, सातजना घाइते

प्रस, सिम्रौनगढ, ७ जेठ/

बाराको सिम्रौनगढ–१० टोल टेटामा दुई पक्षबीच झडप हुँदा सातजना घाइते भएका छन् । घाइते हुनेमा स्थानीय सरोजकुमार यादव, सुनीलकुमार यादव, कृष्णकुमार यादव, मिथुन पासवान, राजन साहलगायत रहेका छन् । घाइतेहरूको उपचार सिम्रौनगढ नगर अस्पताल र कलैयाको बरेवास्थित जिल्ला अस्पतालमा भइरहेको प्रहरी बताएको छ ।



तस्वीर: प्रतीक

सिम्रौनगढ नगरपालिकामा चुनावी परिणामपछि विजयी उम्मेदवार लोसपाका किशोरीप्रसाद कलवारको जुलूस टेटा टोलमा पुगेपछि विजयी पक्ष लोसपाका कार्यकर्ता र पराजित पक्ष नेपाली काङ्ग्रेसका कार्यकर्ताबीच विवादपछि झडप भएको थियो ।

सो झडपमा पाँचवटा मोटरसाइकल तोडफोड भएको र एउटा जीपको सीसा फुटाइएको प्रहरीले बताएको छ । जुलूसमा मोबिलको प्रयोग भएपछि दुवै पक्षबीच झडप भएको बताइएको छ ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

जङ्गली च्याउहरू विषालु पनि हुन सक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।
खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं ।
अमूल्य जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड